# नयाँपाटा सामुदायिक वन उपभोक्ता समूह माण्डवी ०५ प्यूठानवाट प्रकाशित काठ लिलाम विक्री संवन्धि विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१।०३।३१

श्री डिभिजन वन कार्यालय प्यूठानको च नं १०९२ र मिति २०८१।२।०८ को संकलन सहमति वमोजिम नियमानुसार संकलन गरी माण्डवी गा पा ०५ आँपचौरमा घाटगद्धि रहेको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएकोछ । ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमीहरुवाट यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रीकामा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलवन्दी वोलपत्र दाखिला गर्नु हुन संवन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

१. लिलाम संवन्धित वन पैदावारको विवरण

| लट नं | प्रजाति | गोलिया थान | परिमाण घ फि |
|---|---|---|---|
| १ | खयर | १७६ | १३४.३२ |

२. वोलपत्र खरीद कार्य यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, खलंगा तथा विजुवार सव डिभिजन वन कार्यालयवाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा खरीद गर्न सकिनेछ र सो दिन विदा परेमा लगतै कार्यालय खुलेको दिनमा वोलपत्र खरीद गर्न सकिनेछ ।

३. गोप्य शिलवन्दी वोलपत्र दाखिला कार्य वोलपत्र खरीदको अन्तिमदिनको भोलिपल्ट विहान १२:०० वजेभित्रसम्म वोलपत्र खरीद गरेकै कार्यालयमा गर्नु पर्नेछ र वोलपत्र दाखिला गर्दा अलग अलग लटको लागि अलग अलग दाखिला गर्नु पर्नेछ तर सो दिन विदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समयभित्र दाखिला गर्न सकिनेछ ।

४. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारीत संचालनमा रहेको उद्यमको प्यान/भ्याट दर्ता, फर्म दर्ता तथा नवीकरण, करचुक्ता प्रमाणपत्र (नयांको हकमा कर चुक्ता नपर्ने) को नोटरी पव्लिकवाट प्रमाणित प्रतिलिपीको साथमा वोलपत्रमा कवुल गरेको न्यूनतम सकार मूल्यको १०% ले हुने रकम यस समूहको रा वा वैंक लिमिटेड विजुवार शाखामा रहेको खाता नं ४४३०१००००२९१७००१ मा दाखिला गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ । अन्यथा वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

५. वोलपत्र फाराम पछि फिर्ता नहुने गरी रु १००० रा वा वैंक लि प्यूठानमा रहेको यस समूहको उल्लेखित खातामा वैंक दाखिला गरी सो को भौचर तथा निवेदन लगायत उद्यमको आवश्यक कागजात संलग्न गरी यस सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय र विजुवार सव डिभिजन वन कार्यालय प्यूठानमा पेश गरी वोलपत्र खरीद गर्न सकिनेछ तर सो को दाखिला खरीद गरेकै कार्यालयमा उल्लेखित म्याद भित्र गर्नु पर्नेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धि स्थलमा गई हेर्न सकिनेछ र सकारकर्ताले मालवस्तु जे जो अवस्थामा छ सोहि अवस्थामा उठाई लैजानु पर्नेछ ।

७. रीत पूर्वक पर्न आएको वोलपत्रहरु वोलपत्र दाखिला भएको अन्तिम दिनको २:०० वजे उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानीय तहको रोहवरमा खोलिनेछ ।

८. खोलिएका वोलपत्रहरु नियमानुसार मूल्यांकन गरी लिलाम स्वीकृत भए पश्चात सो को जानकारी संवन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च १० दिन भित्र नियमानुसार दाखिला गर्नु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने संपूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समितिलाई हुनेछ ।

CS CamScanner